पंचदेवल विनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, अछाम

# विनियोजन ऐन

पंचदेवल विनायक नगरपालिका, अछाम को आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७९/०५/१६

**प्रस्तावना :** पंचदेवल विनायक नगरपालिका, अछाम २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम पंचदेवल विनायक नगरपालिका, अछामको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "पंचदेवल विनायक नगरपालिका, अछामको विनियोजन ऐन, " रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०७९/८०को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५७,९८,२२,२२३.४९ (अक्षेरुपी रुपैयाँ सन्ताउन्न करोड अन्ठान्नब्बे लाख बाइस हजार दुइ सय तेइस पैसा उनन्चास मात्र|) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८०को निमित्त पंचदेवल विनायक नगरपालिका, अछामको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

# पंचदेवल विनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, अछाम
**कार्यालयको कोड : ८०७७२४०२३००**

अनुसूची ५

### क्षेत्रगत व्यय अनुमान

आ.व. : २०७९/८०

रु. हजारमा

| सि.नं. | संकेत | शीर्षक | विनियोजन | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | २ | आर्थिक विकास | २,१४,८५ | ५९,८५ | १,४९,२० | ५,८० | ० | ० | ० | ० |
| १ | २०१ | कृषि | ९९,५० | २८,७० | ६५,०० | ५,८० | ० | ० | ० | ० |
| २ | २०२ | उद्योग | ३०,०० | ० | ३०,०० | ० | ० | ० | ० | ० |
| ३ | २०३ | पर्यटन | ८,०० | ० | ८,०० | ० | ० | ० | ० | ० |
| ४ | २०४ | सहकारी | ७,५० | ५,०० | २,५० | ० | ० | ० | ० | ० |
| ५ | २०५ | वित्तीय क्षेत्र | ४,५० | ४,५० | ० | ० | ० | ० | ० | ० |
| ६ | २०६ | जलश्रोत तथा सिंचाई | २७,५० | ० | २७,५० | ० | ० | ० | ० | ० |
| ७ | २०७ | बन | ३,४० | ३,०० | ४० | ० | ० | ० | ० | ० |
| ८ | २०८ | पशुपन्छी विकास | ३४,४५ | १८,६५ | १५,८० | ० | ० | ० | ० | ० |
| २ | ७ | सामाजिक विकास | २९,३२,३५ | २,४१,६५ | २६,७५,७० | १५,०० | ० | ० | ० | ० |
| १ | ७०२ | सामाजिक सुरक्षा तथा संरक्षण | २५,०० | १७,३० | ७,७० | ० | ० | ० | ० | ० |
| २ | ७०३ | युवा तथा खेलकुद | २७,८० | ६,०० | २१,८० | ० | ० | ० | ० | ० |
| ३ | ७०४ | खानेपानी तथा सरसफाई | १,३९,०० | ४३,६० | ९५,४० | ० | ० | ० | ० | ० |
| ४ | ७०५ | भाषा तथा संस्कृति | ४९,७० | ४३,०० | ६,७० | ० | ० | ० | ० | ० |
| ५ | ७०६ | शिक्षा | २०,५६,९० | ६८,७५ | १९,७३,१५ | १५,०० | ० | ० | ० | ० |
| ६ | ७०७ | स्वास्थ्य | ५,६५,७० | २७,५० | ५,३८,२० | ० | ० | ० | ० | ० |
| ७ | ७०८ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ६८,२५ | ३५,५० | ३२,७५ | ० | ० | ० | ० | ० |
| ३ | ३ | पूर्वाधार विकास | १३,३९,०९ | ६,८७,०९ | ६,००,९५ | ५१,०५ | ० | ० | ० | ० |
| १ | ३०१ | यातयात पूर्वाधार | ३,३१,०० | २,०८,३० | १,०२,७० | २०,०० | ० | ० | ० | ० |
| २ | ३०२ | भवन, आवास तथा सहरी विकास | ६,४३,०७ | २,८८,१० | ३,२३,९७ | ३१,०० | ० | ० | ० | ० |
| ३ | ३०३ | उर्जा | १,५८,५० | ७६,०० | ८२,५० | ० | ० | ० | ० | ० |
| ४ | ३०६ | पुननिर्माण | ९३,३७ | ४५,१४ | ४८,१८ | ५ | ० | ० | ० | ० |
| ५ | ३०७ | सम्पदा पूर्वाधार | १,१३,१५ | ६९,५५ | ४३,६० | ० | ० | ० | ० | ० |
| ४ | ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,६६,५५ | १,२२,५५ | २,४४,०० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४०१ | शासन प्रणाली | ३०,०० | ० | ३०,०० | ० | ० | ० | ० | ० |
| २ | ४०३ | प्रशासकीय सुशासन | ५५,०५ | ३,०५ | ५२,०० | ० | ० | ० | ० | ० |
| ३ | ४०४ | वित्तीय सुशासन | ५,०० | ५,०० | ० | ० | ० | ० | ० | ० |
| ४ | ४०५ | कानुन तथा न्याय | १०,०० | १०,०० | ० | ० | ० | ० | ० | ० |
| ५ | ४०९ | श्रम तथा रोजगारी | १,५८,०० | ० | १,५८,०० | ० | ० | ० | ० | ० |
| ६ | ४१० | गरिबी निवारण | ६,५० | ६,५० | ० | ० | ० | ० | ० | ० |
| ७ | ४१२ | योजना तर्जुमा र कार्यन्वयन | १६,०० | १६,०० | ० | ० | ० | ० | ० | ० |
| ८ | ४१६ | मानब संशाधन विकास | ५,०० | ५,०० | ० | ० | ० | ० | ० | ० |
| ९ | ४१७ | विपद व्यवस्थापन | ८१,०० | ७७,०० | ४,०० | ० | ० | ० | ० | ० |
| ५ | १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,४५,३८ | ९,०९,२३ | ३६,१५ | ० | ० | ० | ० | ० |
| १ | १०१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,४५,३८ | ९,०९,२३ | ३६,१५ | ० | ० | ० | ० | ० |
| कुल जम्मा | | | ५७,९८,२२ | २०,२०,३७ | ३७,०६,०० | ७१,८५ | | | | |